# नेपाली कन्सुलेट जनरल, जेद्दा

## साउदी अरबमा वैदेशिक रोजगारीको सिलसिलामा आउने नेपाली श्रमिकहरुले जान्नु पर्ने कुराहरु

**१. महत्त्वपूर्ण कागजात र डिजिटल अकाउन्ट व्यवस्थापन**

- आफूले काम गरेको कम्पनीको नाम, सम्पर्क नम्बर, लोकेसन र कम्पनीको दर्ता नम्बर (CR Number) अनिवार्य रूपमा लिएर आउनुहोस र नेपालमा परिवारलाई पनि सुरक्षित राख्न दिनुहोस ।
- आफ्नो राहदानी (Passport), भिसा, बोर्डर नम्बर र इकामा (Iqama) को फोटो खिचेर सुरक्षित राख्नुहोस र नेपालमा परिवारलाई डिजिटल कपी पठाउनुहोस ।
- इकामा बनेपछि तुरुन्तै 'Absher' र 'Qiwa' अकाउन्ट खोल्नुहोस। Absher र Qiwa अकाउन्ट बोर्डर नम्बरबाट पनि खोल्न सकिन्छ ।
- आफ्नो Absher र Qiwa को Password र मोबाइलमा आएको OTP अति गोप्य राख्नुहोस, कसैलाई पनि नदिनुहोस ।
- बाहिर हिँड्दा जहिले पनि आफ्नो इकामा (Iqama) साथमा बोक्नुहोस, नबोकेको खण्डमा साउदी प्रहरीले पक्राउ गर्न र जरिवाना गर्न सक्छ ।
- आफ्नो विश्वासिलो साथीको सम्पर्क नम्बर नेपालमा परिवारलाई उपलब्ध गराउनुहोस ताकि आपतकालीन अवस्थामा सम्पर्क गर्न सकियोस्।

**२. कम्पनी परिवर्तन र रोजगार सम्झौता (श्रम अधिकार)**

- अरूले धेरै तलब दिने प्रलोभन देखाए पनि कुनै पनि हालतमा आफ्नो कम्पनी छोडेर नभाग्नुहोस (यसरी भाग्दा Huroob लाग्न सक्छ र गैरकानूनी भइन्छ) ।
- 'Qiwa' मा आएको रोजगार सम्झौता (Employment Contract) मा लेखिएका सर्तहरू पढेर मञ्जुर भए मात्र स्वीकार (Accept) गर्नुहोस ।
- आफूले नबुझ्ने अरबी भाषा वा अन्य भाषामा लेखिएका कागजात वा खाली कागजमा कहिल्यै पनि हस्ताक्षर वा औंठाछाप नगर्नुहोस।
- सम्झौता अवधि सकिएपछि, कम्पनीले लगातार ३ महिना तलब नदिएमा, वा इकामाको म्याद सकिएको ९० दिनसम्म पनि नवीकरण नगरेमा रोजगारदाताको अनुमति बिना नै 'Qiwa' मार्फत नयाँ कम्पनीमा जान (Transfer) सकिन्छ।
- स्पोन्सरसिप ट्रान्सफर हुँदा लाग्ने शुल्क नयाँ रोजगारदाताले तिर्नुपर्छ, कामदारले तिर्नुपर्दैन।

**३. समस्या पर्दा र गुनासो गर्ने तरिका**

- कुनै समस्या भएमा सबैभन्दा पहिले कम्पनीलाई जानकारी गराउनुहोस, समाधान नभए आफु लाई पठाउने म्यानपावर भन्नुहोस। त्यहाँ पनि समाधान हुन नसकेमा समाधानका लागि तपाईँले साउदी श्रम अदालत (Labour Court) मा उजुरी गर्न पनि सक्नुहुन्छ। यस विषयमा तपाँईले कन्सुलेट/राजदूतावासलाई समयमै जानकारी गराउनु भयो भने समस्याको अवस्था र गम्भीरताका आधारमा आवश्यक परामर्श र सल्लाह दिइनेछ।
- साउदी अरबका अत्यावश्यक हटलाइनहरू: ट्राफिक प्रहरी/Najm- १९९०३३, प्रहरी/सुरक्षा- ९११/९९९, श्रम गुनासो- १९९११, एम्बुलेन्स- ९९७, मानव अधिकार- १९९२२ याद राख्नुहोस, मोवाइलमा सेभ गरेर राख्नुहोस।

**४. एक्जिट भिसा (Exit Visa) र स्वदेश फिर्ती प्रक्रिया**

- हुरुप लागेको वा इकामाको म्याद सकिएलगत्तै नेपाल जानका लागि एक्जिट भिसा (Final Exit) को प्रक्रिया सुरु गरिहाल्नु पर्दछ। कम्पनीको मात्र भर परेर नबस्नुहोस।
- इकामाको म्याद सकिएको अवस्थामा रियादमा रहेको नेपाली राजदूतावास र जेद्दामा रहेको कन्सुलेटबाट निःशुल्क सिफारिसपत्र लिई साउदी सरकारको HRSD पोर्टल (sso.hrsd.gov.sa) मा आफैंले अकाउन्ट बनाएर Final Exit को फाराम भर्नुपर्छ।
- एक्जिट प्रक्रियाको लागि निवेदन दिएपछि पनि काम गर्न नछोड्नुहोस, एक्जिट भिसा प्राप्त हुन लामो समय लाग्न सक्ने भएकाले भिसा लागेपछि मात्र काम छोड्नु ठिक हुन्छ।
- कुनै पनि जरिवाना (ट्राफिक वा अन्य) तिर्न बाँकी छ भने एक्जिट भिसा लाग्दैन, जरिवाना तिरेपछि मात्र स्वदेश फर्कन सकिन्छ।
- एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले आफ्नै खर्चमा व्यवस्था गर्नुपर्नेछ।

**५. ट्राफिक नियम, दुर्घटना र स्वास्थ्य**

- सडक दुर्घटना भएमा नभाग्ने, तुरुन्त नज्म (Najm) वा ट्राफिक प्रहरीलाई खबर गर्नुहोस। भागेमा शतप्रतिशत गल्ती तपाइँको आफ्नै ठहरिन सक्छ।
- ड्राइभरको काम गर्नेहरूले विशेष ख्याल गर्नुपर्ने कुरा— आफूले चलाएको गाडीको ट्राफिक जरिवाना कानूनी रूपमा आफैंले तिर्नुपर्छ। कम्पनीले तिरिदिन्छ भनेर भर परेर बस्न हुँदैन।
- कुनै पनि प्रकारको औषधि प्रयोग गर्दै हुनुहुन्छ वा ल्याउँदै हुनुहुन्छ भने साथमा डाक्टरको प्रेस्क्रिप्सन (Doctor Prescription) अनिवार्य रूपमा राख्नु पर्दछ।
- बिरामी भई उपचार गरेको भए सम्पूर्ण मेडिकल रिपोर्ट सुरक्षित राख्नु पर्दछ। दुर्घटनाको क्षतिपूर्ति दाबी गर्न वा एक्जिट भिसा लगाउन यस्ता कागजात आवश्यक पर्छन्।

**६. साउदी अरबमा गर्न नहुने कुराहरू (सामाजिक नियम)**

- आफ्नो नाममा फोन सिम निकालेर अन्य कसैलाई दिने कार्य कदापी गर्नु हुँदैन। आफ्नो बैंक खाता अरूलाई प्रयोग गर्न दिन हुँदैन र अवैध माध्यम (हुन्डी) बाट नेपाल पैसा पठाउन समेत हुँदैन। यो कार्य गैर कानुनी हो।
- अनाधिकृत स्थानबाट सिम कार्ड लिन हुँदैन र साउदीको आधिकारिक निकायबाहेक अन्यत्र औंठाछाप (Fingerprint) दिनु हुँदैन।
- रक्सी तथा लागुपदार्थको कारोबार गर्ने, सेवन गर्ने वा त्यस्तो जमघट हुने स्थानमा कहिल्यै पनि नजानुहोस। यो साउदी अरबमा कडा दण्डनीय अपराध हो।
- सरकारी निकाय वा संवेदनशील स्थानको फोटो/भिडियो खिच्नु हुँदैन र कुनै पनि घटनाको भिडियो बनाएर सामाजिक सञ्जालमा जथाभावी अपलोड गर्न समेत हुँदैन।
- सार्वजनिक स्थानमा अमर्यादित पोसाक (जस्तै: हाफ पाइन्ट) वा सुनका सिक्री/ब्रासलेट लगाएर हिंड्न हुँदैन।
- भै-झगडा गर्ने, प्रार्थनाको समयमा ठूलो आवाजमा गीत बजाउने जस्ता कार्य गर्न हुँदैन र सार्वजनिक शिष्टाचार (लाइन बस्ने, जेष्ठ नागरिकलाई सम्मान गर्ने) को सदैव पूर्ण पालना गर्नु पर्दछ।

**७.** तपाई जिजान, नजरान, अभा खमिस, अल वहा, विशा, ताइफ, जेद्दा, मक्का, मदिना, राविक, यान्बु, उमलुज, अलउल्लाह, दुवा, तवुक लगायतका साउदी अरेबियाको पश्चिमी क्षेत्रमा काम गर्दै हुनुहुन्छ भने नेपाली कन्सुलेट जेद्दामा सम्पर्क गर्नुहुन र रियाद, दम्माम, जुवेल, अल खोवर, वुरदया, सकाका, हाफर अल वातिन, हाइल लगायत साउदी अरेबियाको पूर्वी क्षेत्रमा हुनुहुन्छ भने नेपाली राजदूतावास रियादमा सम्पर्क गर्नुहोस।

८. (क) कन्सुलेट जनरल, जेद्दाका सम्पर्क नम्बरहरु:

पासपोर्टसम्बन्धी विषयका लागि: ०५८३६२६५३०(सुजन वाग्ले) ०५३८५०२१९२(राजु बाँसकोटा)
श्रम र बैदेशिक रोजगारसंगसम्बन्धी विविध विषयका लागि: ०५५९७४४२५३, ०५८२८१७१८८
डेथ केस, विमा, क्षतिपूर्तिसम्बन्धी विषयका लागि: ०५३५०२४१६९
कागजात प्रमाणिकरणसम्बन्धी विषयका लागि: ०५०५१६९४६०
प्रवक्ता एवम् सूचना अधिकारी: ०५३१२५४०९९ इमेल: dcg@cgnjeddah.com

(ख) रियादस्थित नेपाली राजदूतावासक सम्पर्क नम्बरहरु:

श्रम र बैदेशिक रोजगारसंगसम्बन्धी विविध विषयका लागि:०५०००५६५२९, ०५५८९००३३९, ०५४७०४५२७२
डेथ केस, विमा, क्षतिपूर्तिसम्बन्धी विषयका लागि: ०५०००७६७९४
कागजात प्रमाणिकरणसम्बन्धी विषयका लागि: ०५३४३४३२१२
राहदानीसम्बन्धी कार्यका लागि: ०५३९०८१६००

**कन्सुलेट जनरल नेपाल, जेद्दाको ठेगाना, ईमेल र सम्पर्क नम्बर**

**حي المحمدية 2492 جـدة ، 23623 – 8394، المملكة العربية السعودية، هاتف : +966 – 12-6226665, 6226683**

**Qutn Bin Harithah St., Al Mohammadiyyah 2492 Jeddah 23623 – 8394, Saudi Arabia, Tel: +966 – 12-6226665, 6226683**

**Email: cgnjeddah@mofa.gov.np, cgnjeddah@cgnjeddah.com, Web: jed.nepalconsulate.gov.np**

**WhatsApp No: +966531254099**

**कन्सुलेट खुल्ने समय: हरेक आईतबार देखि विहिबारसम्म विहान ९ बजे देखि बेलुकी ५ बजेसम्म**